नेपाल सरकार
गृह मन्त्रालय

विषय : आगलागी पीडितलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति :२०७३।१२।१३

१. विषयको संक्षिप्त व्यहोरा :

भोजपुर जिल्लाको भोजपुर बजारमा मिति २०७३।०८।०५ मा आगलागी भै ८ (आठ) घरहरु जलेर पूर्ण रुपमा क्षतिग्रस्त भएको। त्यसै गरी मिति २०७३।०९।०१ मा तेह्रथुम जिल्लाको संक्रान्ति बजारमा भएको आगलागीबाट २६ (छब्बिस) घरपरिवारको ३२ (बत्तीस) घरहरु जलेर पूर्ण रुपमा क्षति भएका छन् । उल्लिखित स्थानका आगलागी पीडितहरुको आवास निर्माणको लागि सहयोग पुऱ्याउन सहुलियत दरमा ऋण उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३।०९।१२ को निर्णयानुसार अर्थ मन्त्रालयको सहमति माग गरिएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

माथि उल्लिखित दुवै घट्नाहरुको सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्थलगत अनुगमन भई राहत तथा पुनर्निर्माणको प्रतिवद्धता जनाउनु भई आवश्यक कार्यक्रम पेश गर्न यस मन्त्रालयलाई निर्देशन प्राप्त भएको । त्यसै गरी माननीय उप-प्रधान तथा गृहमन्त्रीज्यूबाट तेह्रथुम जिल्लाको संक्रान्ति बजारको स्थलगत अनुगमन गरी राहत तथा पुनर्निर्माणको लागि प्रतिवद्धता जनाउनु भएको । सो सम्बन्धमा अर्थ मन्त्रालयको प.सं. क्षतिपूर्ति ६०२-२ च.न. ५१०, मिति २०७३।१०।२६ को पत्रबाट मन्त्रालयबाट आगलागीबाट पूर्ण रुपमा क्षति भएका ३४ (चौतिस) घरधनीहरुलाई आवास निर्माणमा २ (दुई) प्रतिशत ब्याजदरमा शहरी क्षेत्रमा २५ (पच्चीस) लाख र अन्य क्षेत्रमा १५ (पन्ध्र) लाख सहुलियत ऋण उपलब्ध गराउन सहमति प्राप्त भएको ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :

केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३।०९।१२ को निर्णयानुसार उल्लिखित जिल्लाका आगलागी पीडितहरुको आवास पुनर्निर्माणका लागि भूकम्प पीडितलाई उपलब्ध गराइए सरहको अनुदान उपलब्ध गराउन, व्यवसाय पुनर्उद्धारका लागि सहयोग पुऱ्याउन सहुलियत दरमा पुनर्उद्धार कोष मार्फत ऋण उपलब्ध गराउन र सम्माननीय प्रधानमन्त्रीज्यूबाट तेह्रथुम जिल्लाको संक्रान्ति बजारको निरीक्षण र पीडितहरुसँगको भेटघाटको क्रममा पीडितहरुको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट रू. १ (एक) करोड उपलब्ध गराउने घोषणा गर्नु भएको बिषयमा समेत अर्थ मन्त्रालयको सहमति माग भएकोमा अर्थ मन्त्रालयबाट आगलागीबाट पूर्ण रुपमा क्षति भएका ३४ (चौतिस) घरधनीहरुलाई आवास निर्माणमा २ (दुई) प्रतिशत ब्याजदरमा शहरी क्षेत्रमा २५ (पच्चीस) लाख र अन्य क्षेत्रमा १५ (पन्ध्र) लाख सहुलियत ऋण उपलब्ध गराउने बिषयमा मात्र सहमति प्राप्त भएको छ । सो बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्न माननीय उप-प्रधान तथा

गृहमन्त्रीज्यूबाट मिति २०७३।१२।१३ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची–१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

भोजपुर जिल्लाको भोजपुर बजार र तेह्रथुम जिल्लाको संक्रान्ति बजारका आगलागीबाट पूर्ण रुपमा क्षति भएका ३४ (चौतिस) घरधनीहरुलाई आवास निर्माणका लागि अर्थ मन्त्रालयले सरकारी कारोबार गर्ने स्थानीय बाणिज्य बैंक मार्फत जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएको क्षतिको विवरणको आधारमा शहरी क्षेत्रमा अधिकतम रु. २५ (पच्चीस) लाख र अन्य क्षेत्रमा रु. १५ (पन्ध्र) लाख बार्षिक २ (दुई) प्रतिशत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाउने ।

मिति : २०७३।१२।१६

नेपाल सरकार
गृह मन्त्रालय

(लोकदर्शन रेग्मी)
सचिव